# छेडागाड नगरपालिकाको स्वास्थ्य तथा सरसफाई नीति
# २०७८

## छेडागाड नगरपालिका
## **नगरकार्यपालिकाको कार्यालय**
**कार्कीगाउँ, जाजरकोट**
**कर्णाली प्रदेश, नेपाल**

# छेडागाड नगरपालिका,जाजरकोट स्वास्थ्य तथा सरसफाई नीति २०७८

## १. पृष्ठभूमि

नेपालको संविधानलेनिशुल्क आधारभूत स्वास्थ्य सेवा र आकस्मिकस्वास्थ्य सेवालाई नागरिकको मौलिक हकको रुपमा स्थापित गरेको छ । संविधानको कार्य बिस्तृतीकरणमा उल्लेख भए अनुसारछेडागाड नगरपालिकाका सबै नागरिकलाई स्वास्थ्य पोषण तथा सरसफाई सेवामा समान पहुँच रउपभोग सुनिश्चित गर्दै संघीय संरचनामा गुणस्तरिय आधारभुत स्वास्थ्य सेवाको प्रवाह गर्नु भेरी नगरपालिकाको दायित्वहो ।यस नगरपालिका भित्र नवजात शिशु तथा मातृ मृत्युलाई घटाउनु, बढ्दै गएको सर्ने तथा नसर्ने रोगको नियन्त्रण गर्नु र स्वास्थ्य सम्बन्धि विपदको व्यवस्थापन तत्काल गर्नु, जेष्ठ नागरीक, शारीरिक र मानसिक अपाङ्गता भएका, एकल महिला, गरिब, सीमान्तकृत, जोखिममा रहेका समुदाय, गर्भवतीतथा सुत्केरी महिला, नवजात शिशु, पाँच वर्ष मुनिका बालबालिका, किशोर-किशोरीलाई आधारभुत तथा गुणस्तरीय स्वास्थ्य, सरसफाई तथा पोषण सेवा सर्वसुलभ र पहुँच योग्य बनाउन नगरपालिकाले दायित्वबोध गरेको छ ।

स्वास्थ्य सेवामा समान पहुँच स्थापित गर्न, जनउत्तरदायी एवं कुशल व्यवस्थापनको माध्यमबाट आवश्यक तथा उपलब्ध सबै स्रोत र साधनको अधिकतम परिचालन गरी संघीय संरचनामा स्वास्थ्य सेवा प्रणाली विकास, विस्तार र सुधार गर्दै विद्यमान तथा नयाँ चुनौतीहरूलाई सही ढङ्गले सम्बोधन गरेर नगरपालिकाका बासीको स्वास्थ्य प्रवर्द्धन, संरक्षण, सुधार र पुर्नस्थापना गर्न नगरपालिकाभित्रका स्वास्थ्य, खानेपानी-सरसफाई तथा पोषण सम्वन्धि आवस्यकता र विद्यमान अवस्थाका आधारमाछेडागाड नगरपालिका*स्वास्थ्य नीति, २०७८*तयार गरिएको छ ।

## २. समिक्षा

### क) विगतमा गरिएका प्रयासहरु

छेडागाड नगरपालिका भित्र मानव सभ्यताको बिकासक्रम संगै बिभिन्न सामाजिक तथा साँस्कृतिक मूल्य मान्यता र व्यक्तिगत ज्ञान सीपमा आधारित उपचार पद्धतिबाट विकास हुँदै आएको भएता पनि औपचारिक रुपमा आधुनिक चिकित्सा सेवा प्रणालीको शुरुवात बि.सं (२०३५) मा साबिकको दशेरा गा.बि.स मा स्थापना भएको हेल्थ पोष्ट दशेरा मार्फत भएको हो ।वि. सं २०४८ को राष्ट्रिय स्वास्थ्य नीतिले आधारभूत स्वास्थ्यमा सवैको पहुँच पुर्याउने उद्देश्यले तत्कालीन सबै गाउँ विकास समितिहरूमा उपस्वाथ्य चौकी, इलाकाहरूमा स्वास्थ्य चौकी, प्रत्येक निर्वाचन क्षेत्रमा प्राथमिक स्वास्थ्य केन्द्रहरू स्थापना गर्ने रणनीती अनुरुप साल्मा,सुवानाउली, पजारु, भाप्रा र कार्कीगाउं स्वास्थ्य चौकी स्थापना गरिएको थियो ।

वि.स. २०६३ को जनआन्दोलन पश्चात बनेको नेपालको अन्तरिम संविधानले स्वास्थ्यलाई जनताको आधारभूत अधिकारको रुपमा स्थापित गर्दै निःशुल्क स्वास्थ्य सेवाको अवधारणालाई विकसित गरे अनुरुप नगरपालिका अन्तर्गतका स्वास्थ्य संस्थाबाट अत्यावश्यक निःशुल्क उपचार सेवा शुरु गरी नगरपालिका बासीकोस्वास्थ्यको हक सुनिश्चित गर्ने प्रयास गरेको छ ।नेपालको संविधान २०७२ ले निःशुल्क आधारभूत स्वास्थ्य सेवाका साथै आकस्मिक स्वास्थ्य सेवालाई मौलिक हकको रुपमा निर्दिष्ट गरे बमोजिम निःशुल्क आधारभूत स्वास्थ्य सेवालाई सर्वव्यापी पहुँच बढाउन आधारभूत स्वास्थ्य सेवा प्याकेज २०७५ तयार गरी स्थानिय तह समेतको जिम्मेवारी स्पष्ट पारि कार्यान्वयन गरिएको छ । संघीयता कार्यान्वयनका क्रममा स्थानिय तहको स्वास्थ्य क्षेत्रका जिम्मेवारीहरु पूरा गर्न नगरपालिका अर्न्तगत आधारभुत स्वास्थ्य तथा सरसफाई शाखाको स्थापना गरिएको छ भने नगरपालिका मातहतका स्वास्थ्य चौकीहरु नगरपालिकालाई हस्तान्तरण भएका छन् ।यसै गरि साबिक मा स्वास्थ्य चौकी नरहेका वडानं १ जाल्म, वडा नं. २

पोखरा, वडानं ४ जेवाकोट,वडानं ५वडावन,वडानं ७ टिकाचौर, वडा नं. ८ घोगी, वडा नं. १० नाउली र वडा नं. १२ पालेवाटमाला मा आधारभूत स्वास्थ्य सेवा केन्द्रहरु स्थापना भई सञ्चालनमा आएका छन् ।

छेडागाड नगरपालिकालेस्वास्थ्यको क्षेत्रमा स्थानिय आवश्यकताका आधारमा समानीकरण अनुदान अर्न्तगतको रकम विनियोजन गरी प्रभावकारी कामहरु सम्पन्न गरी सकेको छ । नगरपालिकाबासीको आधारभुत स्वास्थ्य सेवाको पहुँच सुनिश्चित गर्न तथा स्वास्थ्य क्षेत्रमा गरेका उपलब्धिहरुलाई संरक्षण गर्दै आगामी दिनहरुमा तथ्यमा आधारीत योजना निर्माण गर्न आबश्यक धरातल र बैधानिकता प्रदान गर्नका लागि नगरपालिकाले स्वास्थ्यको बस्तुस्थिति झल्कने गरीस्वास्थ्य प्रोफाईल तथा बार्षिक प्रतिबेदन तयार गरेको छ ।

**ख. विद्यमान स्थिती**

जाजरकोट जिल्लाको कुल जनसंख्याको करिब १,९७३,५३ (४०१९०) २०.३० प्रतिशत जनसंख्या बसोबास गर्ने यस छेडागाड नगरपालिकाको जनघनत्व २४९.२३ प्रतिवर्ग किमि रहेको छ जुन प्रादेशिक (२५२.६ प्रतिवर्ग किमि) भन्दा कम हो । यस नगरपालिकामा आधारभुत स्वास्थ्य सेवा प्रवाह गर्न७ वटा स्वास्थ्य चौकी, ८आधारभुत स्वास्थ्य सेवा १ सामुदायिक स्वास्थ्य ईकाइ, २२ वटागाँउघर क्लिनीक,२८खोप क्लिनीक,५२जना महिला स्वास्थ्य स्वयम् सेविका छन् भने १ आयुर्वेद औषधालय रहेको छ ।नगरपालिका अर्न्तगतका ७ वटा प्रसुती गृह र २ वटा स्वास्थ्य चौकीबाट पाँच प्रकारका परिवार नियोजनका साधनसेवा उपलब्ध छ ।आ.व. २०७७।७८मा DHIS-2मा प्रबिष्ट गरिएको तथ्याङ्क अनुसार यस नगरपालिकामा ४३६२२ जना बिरामीले बहिरंग सेवा लिएका मध्य ५७.६ प्रतिशत महिलाहरु रहेका छन् ।यस नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थाहरुमा ७१जना स्वास्थ्यकर्मिद्धारा स्वास्थ्य सेवा प्रदान गरिदै आइएको छ । स्वास्थ्यकर्मी र जनसंख्याको अनुपात हेर्दा११४८ जनसंख्यालाई १ जना प्यारामेडिक्स तथा १३६३ जनसंख्यालाई १ जना नर्स हुन आउँछ ।

परम्परागत सांस्कृतिक र सामाजिक मान्यताहरुका कारण यस नगरपालिकामा अझै पनि बालविवाह तथा कम उमेरमा गर्भवती हुने समस्या विद्यमान रहेको छ । जसको परिणाम स्वरुप कम तौलको शिशु जन्मने, समय भन्दा अगाडि जन्मने, कुपोषण तथा मृत्युदर बढ्ने लगायत आमाहरुमा अन्य प्रजनन स्वास्थ्य सम्बन्धी समस्याहरु रहेका छन् । स्वास्थ्य संस्थामा सुत्केरी गराउन आउनेको संख्यामा बृद्धि हुन नसक्नुमा पूर्वाधारको कमी, सामाजिक साँस्कृतिक मूल्य मान्यताहरु, जनचेतनाको कमी,भौगोलिक बिकटता आदि कारणहरुले गर्दा सबै स्वास्थ्य संस्थाहरुमासुत्केरी हुन आउने महिलाको संख्यामा उल्लेख्य बृद्धि हुन सकेको छैन । आर्थिक बर्ष २०७७/०७८ को प्रगति प्रतिवेदन अनुसार यस नगरपालिकामा८२ प्रतिशतबालबालिकाले मात्र पूर्ण खोप पाएका छन ।

केही महत्वपूर्ण स्वास्थ्य सूचकहरूलाई राष्ट्रिय र प्रादेशिक सूचकसँग तुलना गरी देहाय बमोजिम प्रस्तुत गरिएको छ ।

| जनसाङखिक सूचक | जम्मा संख्या |
|---|---|
| आ.व. २०७७/७८ को प्रक्षेपित जनसंख्या | ४०८०६ |
| १ बर्ष मुनिका बालबालिकाको संख्या | ८०३ |
| ० देखि २३ महिना सम्मका बालबालिकाको संख्या | १६८१ |
| ५ बर्षमुनिका बालबालिकाको संख्या | ४३४७ |
| किशोर किशोरीको संख्या | ८१३७ |
| प्रजनन योग्य उमेर समुहका महिलाको संख्या ( उमेर समूह १५ देखि ४९ बर्ष ) | ११२४२ |
| प्रजनन योग्य उमेर समुहका बिबाहित महिलाको लक्षित जनसंख्या ( उमेर समूह १५ देखि ४९ बर्ष ) | ८५२१ |
| लक्षित गर्भवती संख्या | ९७५ |
| लक्षीत जीवित जन्म | ८२७ |
| ६० बर्ष उमेर भन्दा माथिको संख्या | ३६५७ |
| *श्रोतः स्वास्थ्य तथा जनसंख्या मन्त्रालय स्वास्थ्य सुचना प्रणाली को लक्षित जन संख्या -आ.व २०७७/७८ (HMIS Target Population 2077/78)* | |

## प्रमुख स्वास्थ्य सूचकहरु

| सि.नं | सुचकहरू | राष्ट्रिय तथ्याङ्क NDHS 2016 | प्रादेशिक तथ्याङ्कNDHS 2016 | छेडागाड नगरपालिकाको तथ्याङ्क DHIS-2 | | | विकास लक्ष्य २०३० | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | | |
| १ | सिफारिस गरिए अनुसार ४ पटक गर्भजाँच गराउने महिलाको प्रतिशत | ५८.८ | ६२ | ३८ | ४५ | ५५ | ८० | |
| २ | सुत्केरी पश्चात ३ पटक जाँच गराउने महिलाको प्रतिशत | ५७.३ | २४ | १६ | ३५ | ४७ | ८० | |
| ३ | परिवार नियोजनका आधुनिक साधनहरुको प्रयोग गरिरहेका १५ देखि ४९ वर्षका विवाहित महिलाहरुको प्रतिशत | ४३ | १८ | १४ | १३ | १८ | ४० | |
| ४ | संस्थागत प्रसुतीको प्रतिशत | ५७.४ | ५९ | ४८ | ५५ | ६४ | ७० | |
| ५ | सबै आधारभूत खोप पाएका बच्चाहरूको प्रतिशत (पूर्ण खोप) | ७८ | ७५ | ९५ | ८६ | ८८ | १०० | |
| ६ | २ बर्ष मुनिका कुपोषित बालबालिकाहरुको संख्या | | | ३१ | ९ | ४ | ० | |
| ७ | वृद्धि अनुगमण गरिएका ०-११ महिना सम्मका वालवालिकाको प्रतिशत | | | १४० | ९९ | १२७ | १०० | |
| ८ | ५वर्ष मुनिका निमोनियाका नयाँ विरामी दर (१०००) | | | १६६ | १२९ | १२५ | ५० | |
| ९ | २८ दिन मुनिका मृत्यु संख्या | | | २ | ३ | ३ | ० | |

पछिल्लो समयमा आरामदायी जीवन शैली, मदिरा तथा सुर्तीजन्य पदार्थको सेवन, किटनाशक बिषादीको प्रयोग लगायतका कारणले मुटु तथा श्वासप्रश्वास सम्बन्धी रोगहरु, क्यान्सर, मधुमेह जस्ता दीर्घ रोगहरुको प्रकोप बढ्दो छ । नगरपालिका मातहतमा रहेका बिभिन्नस्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुरुपको भौतिक पूर्वाधार, दक्ष जनशक्ति, औजार तथा उपकरण र औषधि तथा अन्य सामग्रीहरुको आपूर्ति हुन आवश्यक छ । एकिकृत स्वास्थ्यसूचना प्रणालीको व्यवस्थापन गरीसोको आधारमा कार्यक्रम तर्जुमा गर्नु आवशयक रहेको छ भने निजी तहबाट संचालित स्वास्थ्य संस्थाहरुको नियमन गर्नुका साथै सार्वजनिक निजी साझेदारीको अवधारणा अनुरुप आधारभूत स्वास्थ्य सेवाको पहुँचमा वृद्धि गर्न सम्बन्धित सरोकारवालाहरुसँग हातेमालो गर्न जरुरी छ ।

उल्लेखित सुचकहरुमा समग्रमा नेपालले उल्लेखनीय सफलता हाँसिल भइरहेको देखिए तापनि राष्ट्रिय तथा प्रादेशिक तथ्याङ्कको अनुपातमा नगरपालिकाको गुणस्तरीय स्वास्थ्य सेवाको पहुँच र उपभोगमा वृद्धि गरी जनअपेक्षाअनुसार स्वास्थ्य सेवा प्रवाहका लागि थप कार्य गर्न जरुरी रहेको छ ।

३. बिद्यमान स्वास्थ्य समस्या, चुनौती र अवसर

३.१. समस्या

स्वास्थ्य क्षेत्रमा उल्लेखनीय सफलता हासिल गरिसकेको भएतापनि छेडागाड नगरपालिकाले सम्बोधन गर्नु पर्ने समस्या र चुनौतीहरू अझै विद्यमान छन :

- आधारभुत स्वास्थ्य सेवा यस छेडागाड  नगरपालिकाको खारा, मनघाट, सुयाडा,पुल्ला मेडुका, रुवा, टिकाचौरको तल्लो समुदायको समान   र सहज पहुँच पुऱ्याउन सकिएको छैन ।
- स्वास्थ्य सेवा प्रवाह जनभावना अनुरुप गुणस्तरीय नहुनु ।
- तथ्यमा आधारित योजना तर्जुमा र कार्यान्वयन गर्न आवश्यक गुणस्तरीय एवं एकिकृत सूचनाको संकलन, प्रशोधन, प्रतिवेदन, विश्लेषण गुणस्तरीय नभएको ।
- निजी क्षेत्रको सूचना एकिकृत गर्न नसक्नु,।
- स्वास्थ्य चौकी साल्माा,पजारु क,ख दशेरामा कोल्डचेन भण्डारनको समस्या र स्वास्थ्य चौकी साल्मा ,पजारु क , ख मा औषधि भण्डारण व्यवस्थाको अभाव जस्ता कारणले गुणस्तरीय औषधीको आपुर्ति, वितरण र उपलब्धता सहज र पहुच योग्य हुन सकेको छैन ।
- नेपाल सरकारको मापदण्ड अनुरुपको भवन,अपर्याप्त संस्थागत क्षमता, सुशासनका व्यवहारहरु जस्तै नागरीक वडापत्र, सार्वजनिक सुनुवाई ,सामाजिक परिक्षण आदि प्रभावकारी रुपमा पालना नगरीनु।
- जनप्रतिनिधि र स्वास्थ्यकर्मी विच आधारभुत स्वास्थ्य सेवाप्रति समान वुझाईमा भिन्नता र अस्पष्टता हुनु ।
- निजी क्षेत्रलाई नियमनको दायरामा ल्याउन नसक्नु जस्ता समस्याहरु बिद्यमान रहेका छन् । वाताबरणीय प्रभावले मानवीयस्वास्थ्यमा पार्ने समस्याहरुको उचित ब्यावस्थापन गर्न नसक्नु, सडक दुर्घटना, व्यवसायजन्य स्वास्थ्य, मानसिक स्वास्थ्य, नसर्ने रोग (जस्तै क्यान्सर, मुटु, मृगौला ,मधुमेह आदि) लगायत अन्य क्षेत्रमा देखिएका समस्याहरुको उचित व्यबस्थापन गर्न नसक्नु साथैस्वास्थ्य प्रवर्द्धनका कार्यक्रमहरुको आशातित प्रतिफल प्राप्त नहुनु लगायतसमस्याहरु रहेका छन ।
- नगरपालिकाका जडिवुटि एवंम आयुर्वेदिक उपचार पद्धतिको सदुपयोग पनि हुन सकेको छैन ।
- जेष्ठ नागरीक तथा अपाङ्गता भएका व्यक्तिहरुको स्वास्थ्य उपचार, किशोर किशोरीहरुको यौन तथा प्रजनन् स्वास्थ्य, विधालय जाने उमेरका बालबालिकाको स्वास्थ्य प्रवर्द्धनका लागी उचित स्वास्थ्य सेवाको व्यवस्था हुन सकेको छैन ।
- स्वास्थ्य क्षेत्रमा भएको लगानीको समुचित सदुपयोग भएको, नागरीकले पाएको स्वास्थ्य सेवा र ऐन नियमका कार्यान्वयनको सम्बन्धमा नियमित र प्रभावकारी अनुगमन हुन सकेको छैन ।
- शुद्ध तथा प्राप्त खानेपानीको समुचित व्यवस्था हुन नसक्नु र दुर्गम भेगका नागरीकहरुले आधुनिक चिकित्सा पद्धतिमा कम रहनु र परम्परागत धामी झाक्रीको विश्वास गर्नु ।
- मानसीकि स्वास्थ्य समस्या भएका तथा मनोसामाजीक अपाङ्गता भएका व्यक्तिकोसम्मानपूर्वक बाँच्न पाउने अधिकार एवं गुणस्तरीय जीवनको संरक्षण नभएको ।
- सबै नेपाली नागरीकको पहुँचमा पुग्ने गरी आधारभुत गुणस्तरीय मानसिक स्वास्थ्य तथा मनोसामाजिक सेवा सुनिश्चित नभएको ।

- मानसिक स्वास्थ्य तथा मनोसामजिक सेवा प्रवाह गर्नका लागी आवश्यक जनशक्ति विकास नहुनु ।
- मानसिक स्वास्थ्य, मानसिक रोगसँग जोडिएको लाञ्छना र भेदभाव कम गर्न मानसिक स्वास्थ्य प्रवर्धनको लागी जनचेतना अभिवृद्धि कमी ।

३.२. चुनौती

- पहुँच कम भएका एवमं आर्थिक रुपमा विपन्न नागरीकहरुमा सर्वसुलभ औषधी र उपचारको सुनिश्चित गर्नु
- स्वास्थ्य सेवालाई गुणस्तरीय र प्रभावकारी ढङ्गले प्रवाह गर्न आवश्यक दोहोरो प्रेषण प्रणलीको उपयुक्त कार्यान्वयन गर्न ।
- स्थानिय स्तरमा रहेका स्वास्थ्य संस्थाहरुलाई सक्षम बनाउदै सामाजिक स्वास्थ्य बीमा प्रणाली स्थापना गरी सबै नागरीकलाई समान रुपमा स्वास्थ्य सेवा प्रवाह गर्न ।
- स्वास्थ्य क्षेत्रमा व्यक्तिगत खर्च कम गर्न नागरीकहरुमा सामाजिक एवमं व्यक्तिगत व्यवहार परिवर्तन र प्रर्वद्धनात्मक एवंम प्रतिकारात्मक उपचार सेवाको उपयोगितामा वृद्धि गर्न ।
- परीवर्तित सन्दर्भमा विभिन्न तहगत तथा अन्य प्रशासनिक निकायहरु विचको प्रभावकारी समन्वय, स्रोत तथा साधनहरुको यथोचित उपलब्धता एवं व्यवस्थापन ।
- प्रविधी मैत्री जनशक्ति तथा एकिकृत सूचनाप्रणाली र स्वास्थ्य सूचनाहरुको विश्लेषण र व्याख्या गर्ने सिप र दक्षता,स्वास्थ्य सेवामा गुणस्तरको सुनिश्चितता।
- स्वास्थ्य, पोषण तथा सरसफाई क्षेत्रमा सुसासन कायम गर्नु ।
- लक्षित वर्गको पहिचान गरी समानुपातिक तथा सहभागीमुलक स्वास्थ्य सेवाको सर्वव्यापी पहूँच स्थापीत गर्न आवश्यक नीति निमार्ण गरी लगानीको वृद्धि गर्ने ।

३.३. अवसर

- छेडागाड नगरपालिका भित्रका सामाजिक, साँस्कृतिक तथाभौगोलिक बिशिष्टताका आधारमा नीति तथा योजना निर्माण गरी कार्यन्वयन गर्न सक्नु ।
- एकिकृत सूचना प्रणालीको स्थापना हुदै जानु र तथ्यका आधारमा योजना र निर्णय गर्ने परम्परा सुरुवात हुनु
- समुदायमा जनचेतना वृद्धि भई स्वास्थ्य बिमा जस्तो नागरीक चासोको कार्यक्रम अगाडि बढ्नु ।
- प्रत्यक वडामा स्वास्थ्य संस्थाको स्थापना गर्ने गरी नेपाल सरकारको प्रतिवद्धता आएसँगै स्वास्थ्य सेवाको विस्तार हुनु ।
- यसै गरी निजी, सरकारी तथा गैह्रसरकारी संध संस्थाको संलग्नतामा स्वास्थ्य सेवा प्रवाहमा दुर चिकित्साको व्यबस्था गर्न सकिनेआदि स्वास्थ्य क्षेत्रको विकासको लागि अवसरहरु रहेका ।
- यस छेडागाडनगरपालिका अन्तरगतका सामुदायिक स्तरमा गुणस्तर स्वास्थ्य सेवा प्रवाह गर्नकोनिम्ति आवश्यक बजेट विनियोजन तथा अनुगमन र मुल्यांकन गर्न सक्नेछ ।
- नगरपालिकाका हरेक नागरीकले आफ्ना स्वास्थ्य सम्बन्धि गुनासोहरु स्थानीय सरकारसँग वकालत गर्न पाउने व्यवस्था छ ।

४. नगरपालिका स्वास्थ्य नीतिको औचित्य, निर्देशक सिद्धान्त, भावी सोच, ध्येय, लक्ष्य तथा उद्देश्यहरु

४.१. औचित्य

स्वास्थ्य क्षेत्रले विगतका केही दशकमा हासिल गरेका उपलब्धिहरूलाई दिगोबनाउँदै सेवामा अविछिन्नता कायम राख्दैविद्यमान स्वास्थ्य समस्या तथा चुनौतिहरूकोसम्बोधन गरी गुणस्तरीय स्वास्थ्य सेवामा नागरीकको संविधानप्रदत्त हक सुनिश्चित गर्न एवं संघीय संरचनाअनुरूप प्राप्त अधिकार क्षेत्र तथा दायित्वअनुरूप स्वास्थ्य सेवाको संरचना

विकास तथा विस्तारका साथै गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहकालागि मार्गदर्शन गर्नु अपरिहार्य छ । नगरपालिकाको प्राथमिकता अनुकुल हुने गरीस्वास्थ्य सेवालाई सुदृढीकरण गर्दैराष्ट्रिय तथा अन्तराष्ट्रिय प्रतिबद्धताहरूलाई सम्बोधन गर्न र दिगो विकासको लक्ष्य हासिल गर्नका लागि नगरपालिकाले स्वास्थ्य नीति प्रतिबादन गर्न अपरिहार्य छ ।

### ४.२. निर्देशक सिद्धान्त

नगरपालिकाले स्वास्थ्य नीति तयार गर्दा यसका केही मुल निर्देशक सिद्धान्त प्रतिपादन गरी सोही आधारमा नीति तथा रणनीति प्रस्ताव गरिएका छन् । प्रस्तुत निर्देशक सिद्धान्तका आधारमा नगरपालिकाको स्वास्थ्य नीति, २०७८ को कार्यान्वयन गरिनेछ ।

- आधारभुत तथा गुणस्तरीय स्वास्थ्य सेवा मौलिक अधिकार
- समतामूलक र सामाजिक न्यायमा आधारित  स्वास्थ्य सेवा
- सार्वजनिक निजी साझेदारी
- वैकल्पिक चिकित्सा पद्धतीको संरक्षण, प्रवर्धन तथा अनुसन्धान
- समानता र जवाफदेहिता, नागरिकको सहभागिता
- बहुक्षेत्रीय समन्वय र सहकार्य

### ४.३. भावी सोच

छेडागाड नगरपालिकाका सबै नागरिकहरू शारीरिक, मानसिक, सामाजिक र भावनात्मक रूपमा स्वस्थ रही उत्पादनशील र गुणस्तरीय जीवन यापन गर्न सक्षम हुने ।

### ४.४. ध्येय

उपलब्ध साधन र स्रोतको अधिकतम प्रयोग गरी क्षेत्रगत सरोकारवालाहरू बीच समन्वय र सहकार्यलाई सुदृढ एवं व्यबस्थित गर्दै नागरिकहरूको स्वस्थ्य रहन पाउने मौलिक अधिकार सुनिश्चित गर्ने ।

### ४.५. लक्ष्य

समतामुलक, न्यायसंगत एवं जवाफदेही स्वास्थ्य सेवा प्रणालीको माध्यमबाट गुणस्तरीय स्वास्थ्य सेवामा नगरपालिकावासीको स्वास्थ्य सेवाको पहुँच र उपभोग बृद्धि गर्ने ।

### ४.६. उद्देश्यहरू

१. नगरपालिकाबासीलाईआधारभूत स्वास्थ्य सेवा निःशुल्क उपलब्ध गराउने तथा आकस्मिक स्वास्थ्य सेवाबाट बञ्चित हुननपर्ने वातावरण सृजना गर्ने ।

२. सबै वडाहरुमा आवश्यक सेवा तथा पूर्वाधार, औषधि , औजार तथा उपकरण, सूचना, प्रविधि र दक्ष स्वास्थ्यकर्मीहरू सहितको सक्षम, प्रभावकारी एवं जवाफदेही स्वास्थ्य सेवा प्रणाली मार्फत गुणस्तरीय स्वास्थ्य सेवा उपलब्ध गराउने ।

३. स्वस्थ जीवन शैली प्रवर्द्धन, व्यवहार परिवर्तन र स्वास्थ्यमा प्रतिकुल असर पार्ने मानवीय तथा वाताबरणीय कारक तत्वहरुलाई निरुत्साहित गर्न अनुकुल वातावरण सृजना गर्ने ।

४. प्रर्वद्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक सेवाको व्यवस्थापनमा सूचना तथा सञ्चार प्रविधिको उपयोग प्रवर्द्धन र नियमन गर्ने ।

५. स्वास्थ्य सेवा प्रवाहमा बहुक्षेत्रीय साझेदारी र जनसहभागिता प्रवर्द्धन गर्ने ।

**५. नीतिहरु**

**छेडागाड नगरपालिका को विशिष्टिकृत भौगोलिक तथा स्वास्थ्य सेवा सम्वन्धी समस्या र चुनौतिलाई सम्वोधन गर्दै नगरपालिकाबासीलाई गुणस्तरीय स्वास्थ्य सेवा प्रदान गर्न नगरपालिकाले देहायका नीति अवलम्वन गरेको छ।**

**५.१. सर्बब्यापी पहुँचको अवधारणा अनुसार नगरपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ।**

**५.२. स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईने छ।**

**५.३ समयानुकुल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक न्यूनतम मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको बिकास र बिस्तार गरिनेछ।**

**५.४.न्यूनतम सेवा मापदण्ड** (Minimum service standard)**तथा राष्ट्रिय चिकित्सा मापदण्ड** (National Medical standard) **अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ।**

**५.५ सामुदायीक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाकोगुणस्तर सुनिश्चित गर्न आवश्यक नियमन गरिनेछ।**

**५.६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्ननगरपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी हरेक वष१० प्रतिशत बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ।**

**५.७ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ।**

**५.८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरिनेछ।**

**५.९ स्वस्थ र सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरिनेछ।**

**५.१० स्वास्थ्य बर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरिनेछ।**

**५.११ आयूर्वेद तथा बैकल्पिक चिकित्सा पद्धतीहरुलाई विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई ब्यबस्थित गरिनेछ।**

**५.१२ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र ब्यवस्थापन गरी नगरपाँपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकार सुनिश्चित गरिनेछ।**

**५.१३ महामारी,विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुनःस्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ।**

**५.१४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोगसुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरिनेछ।**

५.१५सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ ।

५.१६ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।

५.१७बिभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

५.१८नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्वेसनी लगायतका स्वास्थ्य समस्याहरुलाई निरुतहित गरि स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन र प्रवद्धन गरिने छ ।

६. प्रमुख रणनीतिहरु

नीति : १ सर्वब्यापी पहुँचको अवधारणा अनुसार नगरपालिकावासीलाई निःशुल्क आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रवाह गरिने छ ।

- राष्ट्रिय मापदण्ड बमोजिमका आधारभुत स्वास्थ्य सेवाहरु नगरपालिकाका सवै वडाहरुमा कम्तीमा एक स्वास्थ्य संस्था स्थापना गरी निःशुल्क स्वास्थ्य सेवा प्रदान गर्ने उपलब्ध गराईनेछ ।
- नगरपालिकामा १५ शैयाको अस्पताल संचालन गरी जनतालाई बिशिष्टिकृत स्वास्थ्य सेवा प्रदान गरीने छ ।
- भुगोल र जनघनत्वका आधारमा आधारभूत तथा आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न हाल सञ्चालनमा रहेका स्वास्थ्य संस्थाहरु आवश्यकता अनुसार समायोजन, स्थानान्तरण तथा थप स्वास्थ्य संस्थाहरु स्थापना तथा विस्तार गरीनेछ ।
- वडानं ६ को पुल्ला मेडुका र  वडानं ७ को रुवा तथा र वडानं १२ को मनघाट मा संचालन भइ राखेका गाउँघर क्लिनिक को स्तर उन्नात्ती गरी सामुदायीक स्वास्थ्य इकाई स्थापना गरिनेछ ।
- स्वास्थ्य संस्थाहरुलाई बाल, किशोर-किशोरी, अपांग तथा जेष्ठ नागरिक मैत्री संस्थाको रुपमा विकास गरिने छ ।
- संघ तथा प्रदेश सँग समन्वय गरी आकस्मिक स्वास्थ्य सेवा प्रदान गर्न न्यूनतम मापदण्ड अनुसारको एम्वुलेन्स सेवा सहित प्रेषण प्रणाली सुदृढ गरीने छ ।
- तोकिएका आधारभूत स्वास्थ्य सेवाहरुलाई प्रभावकारी बनाउन स्वास्थ्य संस्थाको क्षमता तथा गुणस्तर अभिवृद्धिका लागि संघ तथा प्रदेश सँग आवश्यक समन्वय, सहकार्यमा स्रोत व्यवस्थापन र परिचालन गरीने छ ।
- समुदाय तथा विद्यालयहरुमा आधारभुत स्वास्थ्य सेवालाई थप प्रभावकारी बनाउन रोमिङ नर्स, स्वास्थ्य स्वयंसेवक जस्ता मानव संसाधनको व्यबस्था साथै स्वास्थ्य आमा समूह, टोल विकास संस्था जस्ता संघ संस्था र आम नागरिकहरु परिचालन गरीनेछ ।
- भुगोल र जनसंख्या को आधारमा आबस्यक्ता अनुसार सामुदायीक महिला स्वास्थ्य स्वयं सेबिका थप गरीनेछ

नीति : २ स्वास्थ्य क्षेत्रमा सुशासन कायम गर्दै स्वास्थ्य सेवा प्रवाहलाई गुणस्तरीय, जवाफदेही एवं परिणाममूखी बनाईने छ ।

- स्वास्थ्य पूर्वाधार निर्माण, आपूर्ती व्यबस्था लगायत समग्र स्वास्थ्य प्रणालीलाई सबलिकृत गर्न संघ तथा प्रदेश संग समानञ्जस्यता हुने गरि स्वास्थ्य क्षेत्र सुशासन तथा आन्तरिक नियन्त्रण निर्देशिका तयार गरी लागू गरीने छ ।
- सामाजिक लेखाजोखा, नागरीक बडापत्र, सार्बजनिक सुनुवाई र बिज्ञहरु सहितका जिम्मेवार संयन्त्रको ब्यबस्था साथै स्वास्थ्य सेवा प्रवाह र सेवाको गुणस्तरमा सेवाग्राहीहरुको गुनासो तथा पृष्ठपोषण संकलन गरि सम्वोधन गर्ने प्रणालीको विकास गरीनेछ ।
- स्वास्थ्य संस्था संचालन तथा व्यवस्थापन समिति र समितिका सदस्यहरुको क्षमता अभिबृद्धि गरि सशक्त एवं जिम्बेवार वनाइ सेवा सुदृढ गरीनेछ ।
- गैर सरकारी संघ संस्था, दातृ निकायहरु तथा नीजि क्षेत्रलाई परिणाममूखी कार्य गर्नको लागि  नगरपालिका को मुलधारमा ल्याई आवश्यक सहजीकरण र अनुगमन गरीनेछ ।

**नीति : ३ समयानुकुल गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक न्यूनतम मापदण्ड सहितको प्रवर्धनात्मक, प्रतिकारात्मक, उपचारात्मक, निदानात्मक तथा पुर्नस्थापनात्मक सेवाको बिकास र बिस्तार गरीनेछ ।**

- **प्रत्येक स्वास्थ्य संस्थामा मापदण्ड अनुरुप आधारभूत प्रयोगशाला सेवाको स्थापना तथा बिस्तार गर्दै लगिनेछ**
- **स्वास्थ्य संस्थामा खानेपानी, सरसफाइ, बिजुली, इन्टरनेट सेवा र मापदण्ड अनुसारको फोहोरमैला बिसर्जनको व्यवस्था गरीनेछ ।**
- **स्वास्थ्य सेवा प्रदान गर्ने निकायबाट प्रवाह हुने सेवाको गुणस्तर सुनिश्चिचताको लागि नगरपालिकास्तरमा आवश्यक अनुगमन तथा मूल्याकंन संयन्त्रको व्यवस्था गरीनेछ ।**

**नीति : ४. न्यूनतम सेवा मापदण्ड (Minimum service standard)तथा राष्ट्रिय चिकित्सा मापदण्ड (National Medical standard) अनुसारको स्वास्थ्य सेवा प्रवाहको लागि आवश्यक पूर्वाधार, औषधी, औषधीजन्य सामाग्री, औजार तथा उपकरणहरुको यथोचित व्यवस्था गरिनेछ ।**

- **नगरपालिकाभित्रका स्वास्थ्य संस्थाहरुको आवश्यकता र मापदण्ड अनुसार भौतिक पूर्वाधारहरुको स्थापना तथा विकास गरीनेछ ।**
- **नगरपालिका अर्न्तगतका स्वास्थ्य संस्थालाई आवश्यक पर्ने औषधि उपकरणको सूची तयार गरी खरिद आपूर्ती, भण्डारण र वितरण  नियमित मर्मत सम्भार र व्यवस्थापन कार्यलाई सुदृढ गरीनेछ ।**
- **संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य संस्थाबाट निःशुल्क वितरण हुने तोकिएका औषधीहरु, खोप तथा जनस्वास्थ्य कार्यक्रमका औषधि तथा औषधि जन्य सामाग्रीहरु नगरपालिकाको आवश्यकता अनुसार थप गरी सहज रुपमा उपलब्ध गराईनेछ ।**
- **नगरपालिकाभित्रका सबै स्वास्थ्य संस्थाहरुमा न्यूनतम सेवा तथा चिकित्सा मापदण्ड अनुसारको स्वास्थ्य सेवा प्रवाहको सुनिश्चित गरीनेछ ।**

**नीति : ५ सामुदायीक, निजि तथा गैह्र सरकारी क्षेत्रका सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट प्रदान गरिने स्वास्थ्य सेवाको गुणस्तर सुनिश्चित गर्न आवश्यक नियमन गरिनेछ ।**

- **नगरपालिका भित्र सबै प्रणालीका उपचार सेवा, निदानात्मक सेवा, प्रयोगशाला सेवा, फिजियोथेरापी जस्ता सेवा प्रदायक निजी संस्थाको दर्ता तथा सञ्चालन अनुमति दिने तथा नियमन गर्ने व्यवस्था मिलाइनेछ ।**

**नीति : ६ स्वास्थ्य क्षेत्रमा दिगो विकासका लागि स्वास्थ्य सेवाको सुनिश्चितता, वित्तिय सुरक्षा प्रदान गर्न र सामाजिक सुरक्षा योजनालाई सुदृढ गर्ननगरपालिकाबाट स्वास्थ्य क्षेत्रमा लगानी बढाउदै लैजाने र आवश्यकता अनुसार निजि तथा गैरसरकारी क्षेत्र संग साझेदारी गरिनेछ ।**

- **नगरपालिकाको कुल बजेटको न्यूनतम १० प्रतिशत स्वास्थ्य क्षेत्रमा बिनियोजन गरीनेछ ।**
- **संघीय तथा प्रादेशिक सरकारसँगको समन्वयमा स्वास्थ्य विमा कार्यक्रम लागू गरी नगरपालिकाबासीको स्वास्थ्य बीमा सुनिश्चित गरीनेछ । अति गरीब, विपन्न तथा लोप उन्मुख समुदायहरुलाई तोकिएको मापदण्ड अनुसार निःशुल्क स्वास्थ्य विमाको व्यवस्था गरीनेछ ।**
- **स्वास्थ्य क्षेत्रमा निजी तथा गैरसरकारी क्षेत्रसँग सहकार्य तथा साझेदारीलाई प्रोत्साहन गर्न “सार्वजनिक-निजी साझेदारी” रणनीति बनाई लागू गरीने छ ।**
- **निजी क्षेत्रले प्रदान गर्ने स्वास्थ्य सेवालाई क्रमशः सेवामूलक स्वास्थ्य सेवामा रुपान्तरण गर्दै सबै समुदायका व्यक्तिले सेवाको प्रयोग गर्न सक्ने वातावारणको सृजना गर्न आवश्यक साझेदारी गरिनेछ ।**
- **निजी क्षेत्रको सामाजिक उत्तरदायित्वलाई मूलतः जनस्वास्थ्य प्रवर्धनको क्षेत्रमा लगानी गर्न आवश्यक वाताबरणको सृजना गरीनेछ ।**

नीति : ७ स्थानीय आवश्यकता संबोधनका लागि तथ्य र प्रमाणमा आधारित योजना तर्जुमा तथा स्वास्थ्य सेवाको प्रभावकारी व्यवस्थापन गर्न प्रचलित स्वास्थ्य सम्बन्धी सुचना प्रणालीलाई एकीकृत गरी सुदृढ र प्रविधिमैत्री बनाइनुका साथै स्वास्थ्य अनुसन्धानलाई प्रबर्द्धन गरिनेछ ।

- प्रत्येक स्वास्थ्य संस्थाहरु, निजी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा बिद्युतीय/अनलाइन अभिलेख तथा प्रतिवेदन गर्ने व्यवस्था सुनिश्चित गरीनेछ ।
- नगरपालिकामा बिद्युतीय अभिलेख तथा प्रतिवेदन प्रणालीलाई संस्थागत गरी सूचना विश्लेषणका निश्कर्षहरुलाई प्राथमिकताका साथ स्वास्थ्य क्षेत्रको निर्णय प्रक्रियामा प्रयोगमा ल्याउने संस्कारको विकास गरीनेछ ।
- तथ्याकंको गुणस्तरीयता, विश्वसनियता कायम राख्न अनुगमन, मूल्याकंन तथा पृष्ठपोषणको प्रणालीलाई सवलिकृत गरीनेछ ।
- संघ तथा प्रदेशको सहकार्यमा स्वास्थ्य क्षेत्रमा उपलव्ध मानव स्रोत व्यवस्थापन, तालिम व्यवस्थापन, आपूर्ति व्यवस्थापन लगायत सम्पूर्ण सूचना तथा तथ्याङ्कलाई एकिकृत बिद्युतीय सूचना प्रणालीको विकास गरी कार्यान्वियन गर्ने साथै संस्थागत स्मृती संरक्षणका लागि उचित व्यवस्था गरीनेछ ।
- स्वास्थ्य क्षेत्रको अध्ययन तथा अनुसन्धानात्मक कार्यलाई व्यवस्थित गर्न नगरपालिकाको प्राथमिकताका क्षेत्रहरु पहिचान गरी सोको अनुसन्धानात्मक कार्यका लागि स्रोतको व्यवस्थापन गर्ने, तथा अध्ययन तथा अनुसन्धान र अनुगमनका निश्कर्षहरुलाई प्राथमिकताका साथ योजना माफर्त कार्यान्वियन गरीनेछ ।

नीति : ८ स्वास्थ्य सेवालाई प्रभावकारी र गुणस्तरीय बनाउन  स्थानीय आवश्यकताका आधारमा दक्ष जनशक्तिको व्यवस्थापन गरीनेछ ।

- स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीमा आफ्नो काम, कर्तव्यप्रति थप जवाफदेही र जनमुखी बनाउन नतिजामा आधारित कार्यसम्पादन तथा मूल्याङ्कन प्रणालीको विकास गरीने छ ।
- स्वास्थ्य सेवालाई नगरपालिकाको परिवेश अनुकुल तथा समय सापेक्ष बनाउन स्वास्थ्य संस्थाहरुको संगठन तथा व्यवस्थापन सर्वेक्षण (O&M survey)गरी वैज्ञानिक आधारमासंगठनात्मक संरचना तथा जनशक्तिको दरबन्दीपरिमार्जन गर्ने व्यवस्था मिलाईनेछ ।
- स्वास्थ्य क्षेत्रमा स्रोतको समूचित परिचालन गर्दै समयानुकुल स्वास्थ्य सेवा प्रवाह गर्न स्वास्थ्य कर्मिको क्षमता अभिवृद्धि, परिचालन तथा व्यवस्थापन गरीनेछ ।
- स्वास्थ्य संस्थामा तोकिएका सेवाहरु प्रवाह गर्न आवश्यक जनशक्तिको निरन्तर उपलब्धताको सुनिश्चितता गरीनेछ .
- स्वास्थ्य जनशक्तिको क्षमता अभिवृद्धीको लागि सेवाकालीन तालिम, पेशागत वृत्ती विकास तथा कार्य सम्पादनमा आधारित प्रोत्साहनलाई प्रर्वद्धन गरीनेछ
- महिला स्वास्थ्य स्वयंसेविकाको भूमिकालाई समयसापेक्ष परिमार्जन गरी सामुदायिक स्वास्थ्य प्रवर्द्धनका लागि निरन्तर परिचालन गरीनेछ ।

नीति : ९ स्वस्थ सकारात्मक व्यवहार परिवर्तनका लागि व्यक्ति, परिवार र समाजलाई परिचालन गरी स्वास्थ्य शिक्षा र सूचना प्रवाह गर्दै नसर्ने रोगको उपचारलाई आधारभूत स्वास्थ्य सेवास्तर देखि नै व्यवस्थापन गरीनेछ ।

- स्वस्थ सकारात्मक व्यवहार परिवर्तन तथा स्वास्थ्य प्रबर्धनको लागि समुदायका राजनितिक, सामाजिक तथा साँस्कृतिक नेतृत्व परिचालन, सूचना प्रविधिको प्रयोग तथा सञ्चार माध्यमसँग समन्वय तथा सहकार्य गरीने छ ।
- दुर्घटनालगायत अन्य प्राकृतिक तथा मानव सिर्जित प्रकोप रोकथाम तथा जीवन सुरक्षाका लागि सचेतना तथा जनस्वास्थ्य प्रवर्धन कार्यक्रम सञ्चालन गरीनेछ ।
- सेवा प्रदायकलाई स्वास्थ्य सुचना प्रवाहमा जिम्मेवार वनाउदै सुचनामैत्री स्वास्थ्य संस्थाको विकास गरीनेछ ।

- स्वास्थ्य सेवाग्राहीको सुचनाको गोपनियता र हकलाई सुनिश्चित गर्न कार्यवीधि बनाई लागू गरीनेछ।
- विद्यालय, क्याम्पस तथा पेशागत जोखिम अधिक हुने संस्थाहरुमा स्वास्थ्य सूचना कक्षको स्थापना गरीनेछ।
- प्रमूख सार्वजनिक स्थलहरुमा विद्युतीय माध्यम मार्फत स्वास्थ्य सन्देशहरु प्रवाह गरीने छ।

नीति : १० स्वास्थ्य बर्द्धक खाद्य पदार्थको प्रवर्द्धन, उत्पादन, पहुँच र उपभोग बढाई पोषण स्थितिमा सुधार ल्याउन आवश्यक समन्वय गरीनेछ।

- पोषण संवेदनशिल कृषि उत्पादन तथा उपभोगको प्रर्वधन गर्न कृषि क्षेत्र लगायत सम्बन्धित सरोकारवालाहरु सँग समन्वय र पैरवी गरी स्थानीयस्तरमा उत्पादन हुने स्वास्थ्यवर्धक रैथाने खाद्यवस्तुको प्रयोग र पहुँचलाई विस्तार गरीनेछ।
- संघीयस्तरमा निर्माण भएको बहुक्षेत्रीय पोषण योजना, शीघ्र कुपोषण एकीकृत व्यवस्थापन कार्यक्रम लगायतलाई नगरपालिकाको परिवेश अनुकुल बनाई कार्यान्वयन गरीने छ।
- स्वास्थ्यमा नकारात्मक असर पार्ने आहार (Incompatible food and drinks) सेवन र पत्रु खाना (जंक फुड) को बिक्री वितरण तथा प्रयोगलाई निरुत्साहित तथा नियमन गरीनेछ।
- कुपोषित बालबालिकाहरुको पुनर्स्थापनाका लागि आवश्यकता अुसार पोषण पुनर्स्थापना सेवा केन्द्र स्थापना, सुदृढिकरण एवं बिस्तार गरीनेछ।
- दुग्ध जन्य, मासु जन्य तथा अन्य खाद्य पदार्थको तोकिएको मापदण्ड अनुसारको गुणस्तर कायम गर्न सम्बन्धित सरोकारवालनहरु( कृषि, पशु, खानेपानी, शिक्षा आदी लगायत) सँग आवश्यक समन्वय गरीनेछ।

नीति : ११ आयुर्वेद तथा नगरपालिकामा प्रचलित बैकल्पीक चिकित्सा पद्धतीहरुको आधारभूत स्वास्थ्य सेवाको विकास तथा विस्तार गरी समन्वयत्माक रुपमा सेवा प्रवाहलाई ब्यबस्थित गरीनेछ।

- आधारभूत आयुर्वेद एंव बैकल्पिकचिकित्सा सेवा निःशुल्क रुपमा प्रदान गर्न प्रदेश तथा संघ संगको समन्वयमा आवश्यक संस्थागत संरचनाको व्यवस्था गरीने छ।
- राष्ट्रिय स्वास्थ्य कार्यक्रम संग एकिकृत गर्दै आयुर्वेद एंव बैकल्पिक चिकित्सा पद्धतीबाट सेवा प्रदान गरिनेछ।
- वैकल्पिक चिकित्सा सेवाहरुलाई स्वास्थ्य सेवाको मूलधारमा ल्याउन मापदण्ड निर्धारण गरी सञ्चालन, व्यवस्थापन तथा विस्तार गरिनेछ।

नीति : १२ वातावरणबाट स्वास्थ्यमा पर्ने प्रतिकुल असरहरु न्यूनीकरण तथा व्यवस्थापन गरिनुका साथै पेशागत स्वास्थ्य सुरक्षा, सरसफाई र स्वच्छतालाई प्रोत्सहान, प्रवर्द्धन र ब्यवस्थापन गरी नगरपालिकावासीको स्वच्छ वातावरणमा बाँच्न पाउने अधिकारसुनिश्चित गरिनेछ।

- खुला दिशामुक्त, पूर्णसरसफाई युक्त नगरपालिका बनाई सोको दिगोपनाकोलागि योजना तयार गरी कार्यान्वियन गरीनेछ।
- नगरपालिकाभित्र पानी, वायु, ध्वनी लगायत अन्य वाताबरणीय प्रदुषण नियन्त्रण गर्न लागि सम्बन्धित निकायहरुसंग समन्वय गरिने छ।
- पर्यावरण र वातावरणीय परिवर्तन साथै काम र कार्यस्थलको वाताबरणीय अबस्थाका कारणले स्वास्थ्यमा पर्ने हानीबाट बचाउन सरकारी तथा निजी सबै क्षेत्रहरुसँग समन्वय गरी स्वास्थ्य सम्वन्धी कार्यक्रमहरु तय गरी संचालन गरिनेछ।
- सर्वब्यापी सावधानीको अवधारणलाई अनुसरण गरी स्वास्थ्य सेवा जन्य फोहोर मैला व्यवस्थापनको लागि सबै सरोकारवालाहरु सँगको सहकार्यमा उचित किसिमले फोहोर मैला संकलन, छुट्याउने र विर्सजनको व्यवस्था गरिनेछ।
- किटनाशक बिषादीको प्रयोगलाई नियमन तथा औधोगिक रसायनको समुचित विर्सजन गर्न सम्बन्धित क्षेत्रसँग समन्वय र सहकार्य गरिनेछ।

- पेशागत स्वास्थ्य सुरक्षाका लागि व्यवसायजन्य जोखिम न्यूनीकरण र रोकथाम गर्न सरोकारवालाहरुसँग समन्वय तथा सहकार्यमाकार्यक्षेत्रमा हुनसक्ने विपद जोखिम न्यूनीकरणका लागि नियमनको व्यवस्था मिलाईने छ।
- व्यवसायिक रुपमा हुन सक्ने जोखिमबाट जोगाउने व्यवस्था गर्दै उनीहरुको स्वास्थ्य संरक्षणका लागि स्वास्थ्य तथा जीवन विमा भएको सुनिश्चित गरिनेछ।

नीति : १३ महामारी,विपद वा प्रकोपको समयमा पर्न सक्ने सम्भावित स्वास्थ्य असरहरुको न्यूनीकरण, प्रतिकार्य एवम् पुन:स्थापनाको लागि बहुपक्षीय सहकार्य गरिनेछ।

- महामारी, विपद वा प्रकोपको जोखिम नक्साङ्कन गरी जोखिम न्यूनीकरणका लागि बहुपक्षीय सहकार्यमा नगरपालिका प्रतिकार्य योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
- नगरपालिका तथा वडा स्तरिय स्वास्थ्य क्षेत्र आपतकालिन पूर्वतयारी योजना निर्माण गरी कार्यान्वयन गरिनेछ।
- सम्भावित विपद वा प्रकोपलाई व्यवस्थापन कार्यका लागि प्रदेश सरकार संगको सहकार्यमानगरपालिका स्वास्थ्य आपत्कालिन कार्यसञ्चालन केन्द्र (Municipal Health Emergency Operation Centre,) स्थापना गरी वडादेखि नगरपालिका तहसम्म द्रुत प्रतिकार्यका लागि तोकिएको मापदण्ड अनुरुप संयन्त्र बनाई परिचालन गरिनेछ।
- सम्भावित विपद वा प्रकोपको समयमा निरन्तर स्वास्थ्य सेवा प्रवाह गर्न रणनैतिक स्थान वा स्वास्थ्य संस्थाहरुमा अत्यावश्यक औषधि तथा सामग्रीहरुको बफर स्टक राख्ने व्यवस्था गरिनेछ।
- नगरपालिकातथा वडा स्तरिय द्रुत प्रतिकार्य टोली (RRT) तथा प्रदेश सरकार संगको समन्वयमा आकस्मिक चिकित्सकीय टोली (EMT) गठन गरी अन्य उद्दार टोली संग समन्वय गर्दै आवश्यकता अनुसार परिचालन गरीनेछ।

नीति : १४ सामाजिक, आर्थिक, भौगोलिक, धार्मिक र साँस्कृतिक हिसाबले पछाडि परेका समुदायको गुणस्तरीय स्वास्थ्य सेवामा उपभोग सुनिश्चित गर्न सामाजिक सुरक्षा कार्यक्रमलाई सुदृढ गरि स्वास्थ्य सेवा सर्वसुलभ र सहज पहुँच हुने व्यवस्था गरीनेछ।

- स्वास्थ्य बिमा लगायत अन्य योजनाहरु मार्फत विशेषज्ञ स्वस्थ्य सेवाको पहुँचमा बृद्धि गरी स्वास्थ्य उपचार कोषको माध्यमद्वारा विपन्न र असहाय वर्गको सेवामा पहुँच सुनिश्चितता गरीनेछ र त्यस्ता विपन्न र असहाय वर्गको प्रिमियम नगरपालिकाले तिरीदिने व्यवस्था मिलाईनेछ।
- पिछडिएको वर्ग, क्षेत्र र समुदायका लागि स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न आवश्यकता अनुरुप स्वास्थ्य सेवा केन्द्रहरुको स्थापना, स्वास्थ्य शिविरको सञ्चालन तथा आधुनिक सूचना तथा प्रविधिको प्रयोग गरी स्वास्थ्य सेवा उपलव्ध हुने व्यवस्था मिलाईने छ।
- लक्षित समुदायमा स्वास्थ्य सम्बन्धी चेतना अभिबृद्धि गर्दै सेवाको उपयोग बृद्धि गर्न तत् समूदायका सवास्थ्यकर्मिहरुलाई प्राथमिकता दिई सोही समूदायमा परिचालन गर्ने योजना बनाई लागू गरिनेछ।
- नगरपालिकाको आवश्यकता र क्षमतालाई मध्यनजर गर्दै कामको सिलसिलामा वा अन्य कारणले स्वास्थ्य संस्थाको पहुँचबाट टाढा रहेका समूहलाई आधारभूत स्वास्थ्य सेवा प्रदान गर्न बिशेष कार्यक्रम बनाई लागू गरीनेछ।

नीति : १५ सुरक्षित मातृत्व, बाल स्वास्थ्य, किशोरावस्थाको स्वास्थ्य, प्रजनन् स्वास्थ्य तथा परिवार योजना सेवाको विकास र विस्तार गरी पहुँच सुनिश्चित गरीनेछ।

- नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन,लाई थप सुदृढ गर्दै यसको प्रभावकारी कार्यान्वयन गरिनेछ।

- आधारभूत तथा आकस्मिक प्रसूती सेवालाई सुदृढ गर्दै नगरपालिकातहको प्राथमिक अस्पतालमा नवजात शिशु सेवा बिस्तार गरिनेछ ।
- छेडागाड नगरपालिका पालिका भित्र  स्थापना भइ संचालनमा अएका का सबै आधरभुत स्वास्थ्य केन्द्रहरु मा क्रमश भौतिक पुर्वाधाहरु  तथा दक्ष जनशक्ति को ब्यबस्थापन गरी सुरक्षित तरीकाले सुत्केरी सेवा दिन को लागी बर्थिङ्ग सेन्टरमा स्तरउन्नती गरिनेछ  ।
- बिभिन्न वर्ग, जाती धर्म तथा क्षेत्रमा महिलाको सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्यको अवस्था बिश्लेषण गरी आवश्यकता अनुसार परिवार योजना कार्यक्रम बनाई लागू गरिनेछ । Roming ANM, PNC home visit कार्यक्रम तथा परिवार नियोजन, प्रजनन् स्वास्थ्य स्याटालाईट क्याम्प संचालन गरीनेछ ।
- संस्थागत सुत्केरी, परिवार नियोजन प्रयोगदर तथा तेश्रो उत्तर प्रसुती जाँच बढाउन आवश्यकताका आधारमा
- सुरक्षित गर्भपतन सेवालाई थप व्यबस्थीत गर्दै गुणस्तरीय र प्रभावकारी बनाईने छ । लैंगिक पहिचानको आधारमा गरीने गर्भपतनलाई पूर्णरुपमा निरुत्साहित गरिनेछ ।
- गुणस्तरीय यौन तथा प्रजनन स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि गर्न स्वास्थ्य संस्थाहरुमा मापदण्ड अनुसारको सुरक्षित मातृत्व तथा प्रजनन् स्वास्थ्य सेवाको सुनिश्चित गरिनेछ ।
- नगरपालिका सबै स्वास्थ्य संस्थालाई किशोर किशोरी मैत्री बनाई सेवा प्रदान गर्न सक्षम बनाइने छ ।

नीति : १६ स्वास्थ्य क्षेत्रका प्रगती एवं उपलब्धीहरुलाई संस्थागत गर्दै थप उपलब्धी हाँसिल गर्न आवश्यक समन्वय, सहकार्य तथा आवश्यकता अनुसार साझेदारी गरिनेछ ।

- नगरपालिकामा निर्माण हुने हरेक क्षेत्रगत नीतिमा स्वास्थ्यको विषयलाई महत्वका साथ समाबेश गरीने छ ।
- बहुक्षेत्रीय, बहुपक्षीय समन्वय र सहकार्य प्रणाली स्थापना गरी अन्तर संस्थागत समन्वय सुनिश्चित गरीनेछ ।

नीति : १७ बिभिन्न सरुवा रोग, किटजन्य रोग, पशुपन्छीजन्य रोग जस्ता निश्चित स्थान र समुदायमा विद्यमान रोगहरुको रोकथाम, नियन्त्रण तथा व्यवस्थापन प्रभावकारी रुपमा गरिने छ ।

- क्षयरोग, एचआइभी र एड्स तथा औलो लगायतका सरुवा रोगहरूको निगरानी, रोकथाम, नियन्त्रण, निवारण तथा उन्मूलनको लागि संघ तथा प्रदेश सरकारको समन्वयमा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गरीनेछ ।
- रेबिज, सर्पदंश लगायतका पशुपन्छीजन्य र किटजन्य रोगहरु  रोगहरुको रोकथाम, नियन्त्रण र उपचारको लागि सेवा बिस्तार गरिनेछ ।

नीति : १८ नसर्ने रोग तथा मानसीक रोगको रोकथाम तथा व्यवस्थापन, सुर्तिजन्य बस्तुको प्रयोग, मादक पदार्थ सेवन, लागूपदार्थ दुर्व्यसनी लगायतका स्वास्थ्य समस्यमहरुलाई निरुतहित गरि स्वस्थकर जिवनयापन गर्न प्रोत्साहन र प्रवद्धन गरिने छ ।

- स्वास्थ्य प्रवर्द्धनको लागि स्वस्थ आहार विहार, योग तथा ध्यान विधि प्रवर्धन गर्न सामुदायिक योग केन्द्र, व्यायामशाला, स्वस्थ्य हरित पार्क, पुनर्स्थापना केन्द्र लगायतका सेवा केन्द्रहरु स्थापना गरीनेछ ।
- मुटुरोग, मधुमेह, मृगौला रोग, दिर्घ श्वासप्रश्वास सम्बन्धि रोग, मष्तिस्क पक्षघात, क्यान्सर जस्ता दीर्घ रोगहरुको रोकथाम र ब्यवस्थापन लागि Package of Essesntial Non-Communicable (PEN) Disease Interventions लाई विस्तार गर्दै स्वास्थ्य सामाजिक सुरक्षा योजनाहरु मार्फत विपन्न र असहायलाई आर्थिक सहुलियत प्रदान गरीने छ ।
- मानसिक स्वास्थ्य समस्या रोकथाम र व्यवस्थापनका प्राथमिक मानसिक स्वास्थ्य सेवालाई सबै आधारभूत तहका स्वास्थ्य संस्थाबाट प्रवाह गर्नका लागि आधुनिक तथा आयूर्वेद चिकित्सा पद्धतीबाट, मनोसामाजिक परामर्श तथा उपचार सेवा बिस्तार गरीनेछ ।
- लागू पदार्थको नियन्त्रण, मदिरा तथा सुर्तिजन्य पदार्थको विक्री वितरण तथा प्रयोगलाई बहुक्षेत्रीय सहकार्यमा नियमन गर्न समन्वय गरीनेछ ।

७.संस्थागत संरचना

७.१. नीति कार्यान्वियनका लागि नगरपालिकाको नेतृत्वमा स्वास्थ्य संस्थाहरु रहनेछन । त्यस्तै नीतिमा उल्लेख भएको स्वास्थ्य अन्तर्गत सेवा प्रवाहका लागि  नगरपालिकास्तरमा प्राथमिक अस्पताल स्थापना गरिनेछ ।

७.२ मानव संशाधन विकासका लागि प्रदेश सरकार, प्रदेश लोक सेवा, स्वास्थ्य प्रतिष्ठान वा मेडिलक कलेज र अन्य स्वास्थ्य जनशक्ति उत्पादन गर्ने निकायहरु संग क्षमता अधिवृद्धिका लागि समन्वय गरिनेछ । स्वास्थ्य संस्थाहरुमा ल्याव सेवा, आँखा उपचार सेवा र प्रत्येक वडामा एउटा आधारभूत स्वास्थ्य केन्द्र तथा आवश्यकता अनुसार सामुदायीक स्वास्थ्य इकाई स्थापनाको लागि प्रदेश तथा संघीय सरकारसँग समन्वय एवं सहजीकरण गरिने छ ।

७.३ स्वास्थ्य क्षेत्रमा नीतिगत सामञ्जस्यता कायम गर्न, स्वास्थ्यका योजना तर्जुमा, कार्यान्वियन, अनुगमन र मुल्याङ्कन तथा आवश्यकता अनुसार निर्देशन प्रदान गर्न नगरपालिकातहमा निर्देशक समिति वा अन्य संयन्त्रको व्यबस्था गरिनेछ ।

८.आर्थिक पक्ष

यस नीतिको कार्यान्वियन मूलतः नगरपालिको नियमित बजेटबाट गरिनेछ । यस नीतिमा रहेका उद्धेश्यहरु हासिल गर्न नगरपालिकासवै शाखाहरुको कार्यक्रम तथा बजेटमा तालमेल मिलाई सबै नीतिमा स्वास्थ्यको अवधारणालाई अगाडी ल्याइनेछ । नेपाल सरकार र प्रदेश नं ६ सरकारको नियमित वार्षिक कार्यक्रम मार्फत यस नीतिले अवलम्बन गरेका रणनीति तथा कार्यनीतिहरु सम्बोधन गराउन पहल गरिनेछ । यसका साथै यो नीति कार्यान्वियन गर्न राष्ट्रिय तथा अन्तराष्ट्रिय विकास साझेदारहरु, संयुक्त राष्ट्र संघीय निकायहरु र निजी क्षेत्रसँग समेत समन्वय, सहकार्य र साझेदारी गरी आवश्यक श्रोत व्यवस्थापन गर्न पहल गरिनेछ ।

९.अनुगमन र मूल्यांकन

यस नीति कार्यान्वियनको क्रममा अनुगमन गर्ने र अपेक्षित  नतिजा र प्रतिफल प्राप्तीको मूल्यांकन गर्ने दायित्व सामाजिक विकास शाखाको हुनेछ । यसको लागि उक्त शाखाको संयन्त्र र क्षमता विकास गरिनेछ। वडा समितिहरु एवम् अन्य सरोकारवाला निकायसँगको समन्वय र सहकार्यमा सहभागितामुलक अनुगमन प्रक्रिया अवलम्बन गरिनेछ।यसका लागि आवश्यक निर्दशिका तयार गरिनेछ र प्रत्येक पाँच वर्षमा यस नीतिको समीक्षा गरी आवश्यकता अनुसार परिमार्जन गर्दै लगिनेछ ।

१०.नीति कार्यान्वियनको कार्ययोजना

नीति कार्यान्वियनका लागि नगरपालिकाले आवश्यक ऐन, निर्देशिका, कार्यविधी आदि तर्जुमा गर्नेछ । स्वास्थ्य सँग सम्बन्धित आवश्यक ऐन कानून, नियमावली तथा अन्तराष्ट्रिय स्तरमा नेपालले गरेका प्रतिवद्धताको अधीनमा रही यस नीति कार्यान्वियनका लागि तत्कालीन, मध्यकालीन र दिर्घकालीन योजना बनाउने छ । यही योजना अनुसार बार्षिक योजना तथा कार्यक्रम र बजेट निर्माण कार्यान्वियन गरिनेछ । वार्षिक रुपमा कार्ययोजना कार्यान्वियनको समीक्षा गरी पुनरावलोकन गरिनेछ ।

११.जोखिम

राज्यको पुन:संरचनाको प्रारम्भिक चरण, बढ्दो जनआकांक्षा, नगरपालिका संस्थागत बिकासकोचरणमा रहेको, सिमित साधन र स्रोत,नगरपालिकाको प्राथमिकतामा स्वास्थ्य क्षेत्रसमग्र बिकासको मुद्दाका रुपमा स्थापीत गराउनु पर्ने बिद्यमान अवस्थामायस नीति तथा रणनीतिले अपेक्षा गरेका नतिजाहरुप्राप्तिमा केही जोखिम हुन सक्छन । यद्यपी उल्लेखित जोखिमको बाबजुद नगरपालिकावासीलाई सर्वसुलभ, गुणस्तरिय स्वास्थ्य सेवाको सुनिश्चित गरी स्वस्थ नागरिकहरु तयारगर्न छेडागाड नगरपालिकाको स्वास्थ्य नीति २०७६ को प्रभावकारीकार्यान्वियन गर्ने गरी जोखिमको न्युनिकरण गरिनेछ ।